# संविधानको पहिलो मस्यौदा बारे नागरिकको राय सुझावका सन्दर्भमा

# नेपालआदिवासीजनजाति महासंघको अडान र आव्हान

**नेपालआदिवासी जनजाति महासंघ**
**संघय परिषद सचिवालय**
कुसुन्ति, ललितपुर ।
फोन :०१—५००१७५४
ईमेल : info@nefin.org.np
webside -www.nefin.org.np

असार २०७२

# संविधानको पहिलो मस्यौदा बारे नागरिकको राय सुझावका सन्दर्भमा

# नेपालआदिवासीमहासंघको अडान र आव्हान

नेपालको संविधानको प्रारम्भिकमस्यौदा कस्तो लाग्यो भनी संविधानसभाले नागरिकको राय सुझाव संकलनगर्न साउनको ४ र ५ गते दुई दिनको समय दिएर २४० निर्वाचन क्षेत्रमा माननीय सभासदज्यूहरुसहितको टोलीखटाइएको छ । यो छोटो समयमा सबै आदिवासीजनजातिनागरिकहरुलाई सचेत, सजग र एकजुट भएर टोलीलाई आफ्नो राय सुझाव दिन सबैमा हार्दिक अपिलगर्दछौ ।

यो प्रारम्भिक मस्यौदा संविधान,अन्तरिम संविधानको व्यवस्थाहरुभन्दा पछि हटेको छ, विगतमानेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति सरोकारवालाहरुसँग भएका संझौताहरुको विपरीत छ र पहिलो संविधानसभामा सहमतिभएकाविषयहरुको स्वामित्व ग्रहण गर्ने भन्ने यो दोस्रो संविधान सभाको पारम्भिक निर्णयबाट पनिविचलितभएको छ । समग्रमाभन्नु पर्दा यस मस्यौदा संविधानले परम्परागतविभेदकारी, उत्पीडक तथाकथितउच्चजातीय राज्यसत्तालाई परिवर्तित सन्दर्भमानयाँ ढंगले सबै संवैधानिककिल्लाबन्दी गरी सुरक्षित राख्नखोजेको छ । यस्तो प्रपञ्चको डटेर मुकाविलागर्नु पर्ने बेलाआएको छ ।

नेपालआदिवासीजनजातिमहासंघको पहलमा संविधान सभामा रहेको विभिन्न राजनीतिक दलकाआदिवासीजनजातिसभासदहरुले फरक मतराखेसकेका छन् । यसलाई व्यापक समर्थन जुटाउन सबैमाहार्दिक अनुरोध गर्दछौं । आदिवासीजनजातिकामाग, दावी र मुद्दाहरु त्यतिमामात्र सीमित छैनन् भन्ने कुरामाकुनै विवाद छैन । त्यसैले राय सुझाव संकलनगर्न आउने संविधानसभाका टोलीलाई निम्नबुँदाहरु मननगर्दै आफ्ना राय सुझावहरु दिनहार्दिक आह्वानगर्दछौ ।

## राय सुझावहरु

**मौलिकहक**

आदिवासीजनजातिकानिम्नमौलिकहक स्पष्ट उल्लेख हुनु पर्दछ —

१.स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिकअवस्थानिर्धारण गर्न, आर्थिक, सामाजिकतथा सांस्कृतिकविकास गर्न, पुर्खौलीभूमितथाभूक्षेत्रको प्राकृतिक स्रोत साधनको नियन्त्रण, उपभोग र व्यवस्थापनगर्न र स्वयत्ततातथा स्वशासनअभ्यास गर्न **आदिवासीजनजातिलाई आत्मनिर्णयको हकहुनुपर्दछ** ।

२.आदिवासीजनजातिलाई आफ्नो पुर्खौली**भूमि र भूक्षेत्रमानिहितप्राकृतिक स्रोत साधन**माथि स्वामित्व, नियन्त्रण, प्रयोग, व्यवास्थापन र संरक्षणको हकहुनुपर्दछ ।

३.प्रत्येक व्यक्तिलाई मात्रहोइन, जातिवा समुदायलाई समेत **सम्मानपूर्वक बाँच्नपाउने हक**हुनु पर्दछ ।

४. आदिवासीजनजातिलाई उनीहरुसँग सम्बन्धितवाउनीहरुको सरोकारकाविषयमाकानुननिर्माण, सशोधन, वाखारेज गर्नु पर्दा,भूमिव्यास्थापन र प्रशासनिकतथाविकास सम्बन्धीकार्य गर्दा र नीतिगत निर्णय गर्दा उनीहरुको परम्परागततथाप्रतिनिधिमूलक संस्थामार्फत **स्वतन्त्र, अग्रिम, सूसूचित सहमतीको** हकहुनुपर्दछ ।

५.आदिवासीजनजातिलाई लैंगिक सन्तुलन सहित राज्यको हरेक निकायमा**समानुपातिकप्रतिनिधित्वको** हकहुनुपर्दछ ।

६.आदिवासीजनजातिलाई आफ्नो **प्रथाजनितकानून**अनुसार आफ्नो सामुदायिकजीवन सञ्चालनगर्ने र **प्रथाजनित संस्था**हरु सञ्चालनगर्ने र सुदृढ गर्ने हकहुनुपर्दछ ।

७.आदिवासीजनजातिलाई **मातृभाषामाशिक्षा**हासिलगर्ने,**मातृभाषामा सूचना**प्राप्तगर्ने, सरकारी कार्यालय र सार्वजनिक स्थानमा**मातृभाषाप्रयोग**गर्ने, न्यायिकवाअर्धन्यायिककार्वाहीको**जानकारी मातृभाषामापाउने** हकहुनुपर्दछ ।

८.आदिवासीजनजातिलाई आफ्नो समुदाय र पुर्खौलीभूक्षेत्रको विकासकालागिप्राथमिकतातथा रणनीतिहरु निर्धारण गर्ने र **विकास प्रक्रियार प्रतिफलमा सहभागीहुने** हकहुनु पर्दछ ।

**राज्यको स्वरुप र राज्यशक्तिको बाँडफाड**

प्रदेशको सीमाङ्कन र नामकरण बिना राज्यका पुराना संरचनाहरु मात्र सुदृढबनाउनु र प्रदेशको अधिकार सीमित राख्नु भनेको संघीय प्रणालीको विरुद्ध जानु हो । त्यसैले प्रदेशको नामकरण र सीमाङ्कन गरेर मात्र संविधानजारी हुनु पर्दछ । राज्यको संरचना र शक्तिको बाँडफाँड सम्बन्धीप्रावधानहरु निम्नानुसार परिमार्जन हुनु आवश्यक छ ।

९.**प्रदेशको सीमाङ्कन**गर्दाजातीयबसोबासको भौगोलिकनिरन्तरता र ऐतिहासिकपहिचानबोकेको भूक्षेत्रको आखण्डताको आधारमा स्पष्ट उल्लेख हुनुपर्दछ ।

१०. प्रदेशको नामकरण गर्दा सम्बन्धितप्रदेशको ऐतिहासिकपहिचान,भाषा, संस्कृतितथाजातियजनसांख्यिकस्थितिएवं भौगोलिकअवस्थितिको आधारमाहुनुपर्नेस्पष्ट उल्लेख हुनुपर्दछ । (तपाईले आफूले चाहेको प्रदेशको नाम सुझाउनु उपयुक्तहुनेछ)

११.प्रदेशको नामप्रदेश व्यवस्थापिकाले दुई-तिहाइ बहुमतद्धारा परिवर्तन गर्न सक्ने प्रावधानथप्नुपर्दछ ।

१२.अवशिष्ट अधिकार प्रदेशमानिहितहुनपर्दछ ।

१३.प्रदेशको सरकारी कामकाजको भाषाप्रदेशमाबोलिने भाषाहरु मध्ये प्रदेश व्यवस्थापिकाले निर्धारण गरे अनुसार हुनु पर्दछ ।

१४.संघ, प्रदेश र स्थानीय(स्वायत्त क्षेत्र सहित)तहवीच राजस्वको वितरण सम्बन्धीविधेयक राष्ट्रिय सभाको अनुमोदन पछि मात्रकार्यान्वयनमाआउन सक्ने व्यवस्थाहुनुपर्दछ ।

१५.राष्ट्रिय प्राकृतिक स्रोत तथावित्तीयआयोगकाअध्यक्ष र सदस्यहरु समानुपातिक समावेशी सिद्धान्तको आधारमाअन्तर प्रादेशिक परिषदको सहमतिलिई संवैधानिक परिषदले गरेको सिफारिस अनुसार राष्ट्रपतिले नियुक्तिगर्ने व्यवस्थाहुनुपर्दछ ।

१६.स्थानीयतहअन्तर्गत गाउँपालिका, नगरपालिका र स्वायत्त क्षेत्र एवं संरक्षित क्षेत्र उल्लेख हुनुपर्दछ । जिल्ला सभाजिल्ला परिषदको प्रावधान हटाउनु पर्दछ ।

१७.प्रदेशहरुभित्र नेपालको कुल जनसंख्याको १ प्रतिशतभन्दाकमसंख्यामा रहेकाआदिवासीजनजातिका ऐतिहासिकथातथलो वा सघन बसोबास भएको क्षेत्रलाई स्वायत्त क्षेत्र र सानो संख्यामा रहेका सीमान्तकृत तथालोपोन्मुखआदिवासीजनजातिको बसोबास वाविचरण गर्ने क्षेत्रलाई संरक्षित क्षेत्र हुने व्यवस्था स्पष्ट उल्लेख हुनुपर्दछ ।

१८.स्वायत्त क्षेत्र तथा संरक्षित क्षेत्रलाई स्थानीयतहको अधिकारहरु सहितप्राकृतिक स्रोत साधनहरुको व्यवस्थापन, मातभाषा र साहित्यको प्रवर्द्धन, नागरिकता र राहदानीव्यवस्थापन, प्रथाजनितकानुनकार्यान्वयन र प्रथाजनित संस्थाहरुको संरक्षण तथा प्रवर्द्धनको अधिकारहरु हुनु पर्दछ ।

**संघीय व्यवस्थापिका**

संघीय व्यवस्थापिका सम्बन्धीप्रावधानहरु निम्न सुझाकाआधारमा परिमार्जन हुनुपर्दछ ।

१९.प्रतिनिधि सभाका सदस्यहरु ४० प्रतिशतपहिलो हुने निर्वाचितहुने प्रणालीबाट र ६० प्रतिशत समानुपातिकनिर्वाचन प्रणालीबाट निर्वाचितहुने व्यवस्थाहुनुपर्दछ ।

२०.पहिलो हुने निर्वाचितहुने निर्वाचन प्रणालीका उम्मेदारहरु समानुपातिक समावेशी सिद्धान्त अनुसार हुनुपर्दछ ।

२१.समानुपातिकनिर्वाचन प्रणाली प्रादेशिकबन्द सूचिकाआधारमाहुनु पर्दछ र समानुपातिक समावेशी सिद्धान्त अनुसार प्रतिनिधित्वभइसकेको जातिवा समुदायकोउम्मेदवारको नाम बन्दसूचीबाट स्वतःहट्ने व्यवस्थाहुनुपर्दछ ।

२२.महिलाको निमित्तनिर्धारण गरिएको कोटामा महिलाभित्रको विविधताको आधारमा समानुपातिकप्रतिनिधित्वहुने व्यवस्थाहुनपर्दछ ।

२३. पहिलो हुने निर्वाचितहुने निर्वाचन प्रणाली र समानुपातिकनिर्वाचन प्रणालीबाट प्रतिनिधित्वहुननसकेकासिमान्तकृत तथालोपोन्मुखआदिवासीजनजातिहरुलाई विशेष व्यवस्थाद्धारा संघिय व्यवस्थापिका, प्रदेश व्यवस्थापिका र स्थानियतहहरुमाप्रतिनिधित्वकोव्यवस्थाहुनु पर्दछ ।

**संघीय कार्यपालिका**

संसदीयव्यवस्थाकाअतीतकाअसफलता, राजनैतिकअस्थीरता, कुशासन, भ्रष्टाचारबाट पाठ सिक्ने हो भने त्यसलाई अवलम्बनगर्नुको कुनै तुक छैन । त्यसैले

२४.शक्तिको बाँडफाँड र द्धन्द्ध समाधानको संयन्त्रसहित जनताद्धारा निर्वाचित राष्ट्रपति र संघीय व्यवस्थापिकाबाट निर्वाचितप्रधानमन्त्रीहुनुपर्ने मिश्रित व्यवस्थाहुनु पर्दछ ।

२५. संवैधानिक परिषद, न्याय परिषद र संवैधानिकआयोगहरु तथा राजदूतहरु लगायत सम्पूर्ण सरकारी नियुक्ति समानुपातिक समावेशी सिद्धान्त आधारमा हुनु पर्दछ ।

**न्यायपालिका**

२६.अदालतको सबभन्दातल्लो तहको अदालतलाई सुरु अदालतभन्नु उपयुक्त हुन्छ ।

२७.प्रथाजनितकानुन र न्यायिक संस्थाको पूर्ण सम्मानहुनुपर्दछ ।

२८.आदिवासीजनजातिको अधिकार र प्रथाजनितकानून सम्बन्धीविवाद र न्याय निरुपणको लागिसबै तहको अदालतमाअलग्गैइजलास र प्रथाजनितकानूनका विज्ञहरुको जुरीकोव्यवस्थाहुनुपर्दछ ।

२९.प्रथानितन्यायिक संस्थाले गरेको फैसला शुरु अदालतको फैसला सरह मान्ने व्यवस्थाहुनु पर्दछ ।

३०. न्याय परिषदको गठन लगायत हरेकतहकान्यायधीशहरुको नियुक्तिगर्दा समानुपातिक समावेशी सिद्धान्त अनुसार हुनुपर्दछ ।

३१.उच्चअदालतकामुख्यन्यायधीशतथान्यायधीशहरुको नियुक्ति र सुरु अदालतकान्यायधीशहरुको नियुक्तिप्रादेशिकन्याय परिषदबाट हुने व्यवस्थाहुनुपर्दछ ।

**संवैधानिकअदालत**

३२. छुट्टै, स्वतन्त्रअधिकार सम्पन्न संवैधानिकअदातलहुनु पर्दछ र सम्पूर्ण प्रकारका संवैधानिक विवादहरु संवैधानिक अदालतबाटै निरुपण हुनु पर्दछ ।

**आदिवासीजनजातिआयोग**

३३. आदिवासीजनजातिहरुको सर्वागिण विकास र अधिकारहरुको सम्मान, संरक्षण र सम्बर्द्धन तथात्यसको प्रभवकारी कार्यान्वयनलाई सुनिश्चितगर्न राष्ट्रिय आदिवासीजनजातिआयोगको व्यवस्थासंविधानमा स्पष्ट हुनु पर्दछ ।

३४.नेपालको राष्ट्रिय जनावर एक सिंगे गैडा हुनुपर्दछ ।

**अन्तर्राष्ट्रि सन्धि संझौता**

नेपाल पक्ष रहेको आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९, संयुक्त राष्ट्र संघीय आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय सन्धि, संझौता, महासन्धिहरु कार्यान्वयनको प्रत्याभूति संविधानमा हुनुपर्दछ ।